# नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय आवश्यकता अनुरुप गुणस्तरीय जनशक्ति उत्पादन गर्न चिकित्सा शिक्षाका नविनतम प्रविधि तथा शिक्षण विधिको अवलम्बन गर्दै चिकित्सा शिक्षाका विधामा स्पेसियालिटि तथा सवस्पेसियालिटि अध्ययनका लागि नयाँ कार्यक्रमहरुको तर्जुमा तथा संचालन गर्न स्थापित नेशनल बोर्ड अफ मेडिकल स्पेशियालिटिजको काम कारबाही, पाठ्यक्रम तथा मापदण्ड निर्धारण, कार्यक्रम सञ्चालन अनुमति प्रदान, शिक्षकहरु पहिचान, परीक्षा सञ्चालन तथा उपाधि प्रदान, विभिन्न संघसंस्थासँग समन्वय लगायतका कार्यका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ मा व्यवस्था भएको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको व्यवस्थापन गर्न उक्त ऐनको दफा ६ को खण्ड (छ) र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३० र ३१ बमोजिमका काम, कर्तव्य र अधिकारको व्यवस्थित प्रयोग गर्न बाञ्छनीय भएकाले, चिकित्सा शिक्षा आयोग  कार्यकारी समितिले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम  "नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालनकार्यविधि, २०७७" रहेको छ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग"भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्दछ ।

(ख) "ऐन"भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७५ सम्झनु पर्दछ ।

(घ) "बोर्ड"भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा २८ अनुसार गठित "नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज" सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्दछ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम सम्झनु पर्दछ ।

(ज) "स्पेसियालिटि"भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तहको कार्यक्रम सम्झनु  पर्दछ ।

(झ) “सवस्पेसियालिटि” भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तहभन्दा माथिकोकार्यक्रम सम्झनु पर्दछ ।

(ञ) “कार्यक्रम” भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सम्झनु पर्दछ ।

(ट) “विषयगत समिति” भन्नाले विषयगत पाठ्यक्रम निर्माणको लागि बोर्डबाट गठित समिति सम्झनु पर्दछ ।

(ठ) “संस्था”भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने संस्था सम्झनु पर्दछ ।

(ड) “फ्याकल्टी” भन्नाले बोर्डबाट सञ्चालित कार्यक्रम सञ्चालन गर्ने अस्पताल वा स्वास्थ्य संस्थामा अध्यापन कार्यमा संलग्न शिक्षक सम्झनु पर्दछ ।

(ढ) “प्राज्ञिक एकाइ (Academic Unit)” भन्नाले दफा ८ (१) मा तोकिएबमोजिमको शिक्षकको समूहलाई सम्झनुपर्दछ ।

## परिच्छेद– २
## बोर्डको काम, कर्तव्य र अधिकार

**३.** **<u>बोर्डको काम, कर्तव्य र अधिकार:</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेशियालिटिजको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(क) बोर्डबाट सञ्चालित कार्यक्रमको तयारीका लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालयसँग समन्वय गरी कार्य गर्ने,

(ख) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको पाठ्यक्रम विकासगर्ने,

(ग) स्पेसियालिटि तथा सवस्पेसियालिटिका विषयहरु अध्यापन गराउने शिक्षण संस्थाको पहिचान गरी सूची तयार गर्ने,

(घ) अध्यापन गराउने शिक्षण संस्थाहरुका लागि आवश्यक शिक्षकहरुको मापदण्ड तयार गर्ने र उनीहरुको क्षमता विकाससम्बन्धी कार्यक्रम तय गर्ने,

(ङ) यस्तै प्रकृतिका स्पेसियालिटि तथा सवस्पेसियालिटि विषयहरु अध्यापन तथा तालिम गराउने अन्य मुलुकहरुका संस्थाहरुसँग आवश्यकतानुसार कार्यक्रम सम्बन्धी परामर्श तथा समन्वय गर्ने,

(च) परीक्षा निर्देशनालयसँग समन्वय गरी बोर्डको परीक्षाको मापदण्ड तयारी, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(छ) परीक्षकहरुको सूची तयार गर्ने र परीक्षा विधिबारे प्रशिक्षण गर्ने,

(ज) उपाधि प्रदान गर्ने विधि र प्रक्रिया तयार गर्ने तथा चिकित्सा शिक्षा ऐनको दफा ६(झ) बमोजिमको उपाधि प्रदान गर्ने,

(छ) कार्यक्रम मूल्याङ्कनसम्बन्धी कार्यहरु गर्ने ।

## परिच्छेद– ३
## पाठ्यक्रमसम्बन्धी व्यवस्था

**४. <u>पाठ्यक्रमको ढाँचाः</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित कार्यक्रमहरुका लागि तयार पारिने पाठ्यक्रमको उद्देश्य प्रष्टरुपमा तोकिएको हुनु पर्नेछ ।

(२) विद्यार्थीको सिकाइको उद्देश्य (लर्निङ्ग अब्जेक्टिभ) प्रष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

(३) अध्ययन–अध्यापनको तरिका विद्यार्थी केन्द्रित हुनु पर्नेछ ।

(४) पाठ्यक्रममा हरेक इकाईको पाठ्यभार उल्लेख भएको हुनु पर्नेछ ।

(५) अध्यापन गराइने विभिन्न विभाग र इकाईहरुमा अध्ययन अवधिभरको पूर्व निर्धारित खाकाको आधारमा अध्ययन अध्यापनको कार्यक्रम निर्धारण गरिएको हुनुपर्नेछ । त्यस्ता विभाग र इकाईमा तालिम गराउनका लागि बोर्डको पूर्वस्वीकृति आवश्यक हुनेछ ।

(६) बोर्डबाट सञ्चालित कार्यक्रमहरुको सामाजिक उत्तरदायित्व अन्तरगत सामुदायिक पोष्टिङ गरिनेछ । उक्त पोस्टिङ सरकारी निकाय अन्तरगतका अस्पताल/स्वास्थ्य संस्थाहरुमा तीन महिनासम्मको हुनेछ । यसका लागि सम्बन्धित स्वास्थ्य निकायसँग आवश्यक समन्वय गरिनेछ ।

(७) पाठ्यक्रममा विषय, पाठ्यभार र पूर्णाङ्क, मूल्याङ्कन विधि र उपाधिबारे उल्लेख भएको हुनुपर्नेछ ।

(८) पाठ्यक्रम अन्तर्गत अनिवार्य रुपमा संचालन गरिने तालिमहरुमा व्यवसायिक आचरण, सञ्चार सीप, कार्डियोपल्मोनरी रिसशिटेशन, संक्रमण नियन्त्रण र मेडिकोलिगल विषयहरु समावेश भएको हुनु पर्नेछ ।

(९) हरेक पाठ्यक्रमले सिकाइको गुणस्तरीयताका अतिरिक्त निम्नलिखित विधाहरु अनिवार्य समेटेको हुनु पर्नेछ:

(क) आधारभूत विज्ञान तथा सम्वन्धित तहको सैध्दान्तिक ज्ञान,

(ख) सम्बन्धित तहको क्लिनिकल सीप,

(ग) चिकित्सा शास्त्रका सम्बन्धित विधामा विकास भएका नयाँ प्रविधि, ज्ञान र सीप,

(घ) प्राज्ञिक उन्नयन, अनुसन्धान तथा सूचना प्रविधि,

(ङ) जबाफदेहिता, व्यावसायिक सोच, व्यावसायिकता तथा पेशाधर्मिता,

(च) सामाजिक उत्तरदायित्वको लागि वहन गरिने प्रक्रियाहरु,

(छ) नेतृत्व व्यवस्थापन र सामुहिकता (टिम वर्क),

(ज) विषयगत कार्यक्रम अन्तर्गत अनिवार्य गरिएका अन्य विधाहरु ।

(१०) कार्यक्रम संचालनका लागि हरेक विषयको पाठ्यक्रम अनुसार तोकिएको विषयको विज्ञ तथा विषयसँग सम्बन्धित अन्य विज्ञ सम्मिलित विषय समिति (सब्जेक्ट कमिटि) हुनेछ । विषय समितिले अनुसंधानात्मक लेखको प्रकाशन, लगबुक, हाजिरी, शोधपत्र अनुमति, परीक्षा संचालनको ढाँचा, अन्तिम परीक्षामा सामेल हुनका लागि आवश्यक योग्यता आदि निर्धारण गर्नेछ ।

(११) हरेका शिक्षण संस्थामा दफा (१०) मा उल्लेखित कामहरुको सहजीकरणको लागि सम्बन्धित विषयको पाठ्यक्रम अनुसार विषय विज्ञ, विषयसँग सम्बन्धित अन्य विज्ञ तथा शैक्षिक प्रशासक सम्मिलित विषय समिति हुनेछ ।

**५. <u>भर्ना हुन आवश्यक न्यूनतम योग्यताः</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतका कार्यक्रममा भर्ना हुनका लागि नेपाल मेडिकल काउन्सिलमा दर्ता भई तोकिएको प्रवेश परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(२) स्नातकोत्तर तहको स्पेसियालिटि कार्यक्रममा भर्ना हुनका लागि चिकित्सा शिक्षा आयोगबाट लिइने सोही तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(३) स्नातकोत्तर तह भन्दा माथिको सवस्पेसियालिटि कार्यक्रममा भर्ना हुनका लागि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञको रुपमा दर्ता भई चिकित्सा शिक्षा आयोगबाट तोकिएको प्रवेश परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(४) विदेशी विद्यार्थीको हकमा चिकित्सा शिक्षा आयोगद्वारा निर्धारित मापदण्ड लागू हुनेछ ।

(५) निर्धारित सीटमा योग्यता क्रमानुसार भर्ना लिइने छ ।

६. **<u>अध्ययन अवधिः</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रमको अवधि प्रत्येकको तीन वर्षको हुनेछ ।

## परिच्छेद –४
## फ्याकल्टी(शिक्षक) तथा सीट संख्यासम्वन्धी व्यवस्था

७. **<u>फ्याकल्टी (शिक्षक) को न्यूनतम योग्यताः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमको शिक्षक हुनका लागि कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको हुनु पर्नेछ ।

(२) जुनियर फ्याकल्टी हुनका लागि सम्वन्धित विषयमा विशेषज्ञ दर्ता भई एक वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एक अनुसन्धनात्मक लेख प्रकाशन गरेको वा विश्वविद्यालय/प्रतिष्ठानमा सहायक प्राध्यापक तहमा प्राध्यापन गरेको अनुभव हुनु पर्नेछ ।

(३) फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई पाँच वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय पियर रिभ्यू जर्नलमा कम्तिमा दुई वटा अनुसन्धनात्मक लेख प्रकाशन गरेको, जसमध्ये एक इन्डेक्स जर्नल हुनुपर्नेछ ।

वा

विश्वविद्यालय / प्रतिष्ठानमा पाँच वर्ष उप प्राध्यापक तहमा प्राध्यापन गरेको अनुभव हुनुपर्नेछ ।

वा

बोर्डबाट सञ्चालित स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रममा जुनियर फ्याकल्टी भई पाँच वर्ष काम गरेको हुनुपर्नेछ ।

(४) सिनियर फ्याकल्टी हुनका लागि सम्वन्धित विषयमा विशेषज्ञ दर्ता भई पन्ध्र वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा चार वटा अनुसन्धनात्मक लेख प्रकाशन गरेको जसमध्ये कम्तिमा एक वटा लेख इन्डेक्स जर्नलमा प्रकाशन भएको हुनुपर्नेछ ।

वा

विश्वविद्यालय/प्रतिष्ठानबाट प्राध्यापक तहमा प्राध्यापन गरेको अनुभव वा बोर्डबाट सञ्चालित स्पेसियालिटि/सवस्पेसियालिटि कार्यक्रममा फ्याकल्टी भई पाँच बर्ष काम गरेको हुनु पर्नेछ तथा चार वटा अनुसंधानात्मक लेख पियर रिभ्यू जर्नलमा प्रकाशित गरेको हुनुपर्नेछ जसमध्ये एक वटा लेख इन्डेक्स जर्नलमा प्रकाशन गरेको हुनुपर्नेछ ।

(५) बोर्डको नियमित सिनियर फ्याकल्टी, फ्याकल्टी वा जुनियर फ्याकल्टी हुनका लागि प्रत्येक ३ बर्षमा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एकवटा अनुसन्धनात्मक लेख प्रकाशन गरी अद्यावधिक गर्नुपर्नेछ ।

८. **कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक फ्याकल्टी (शिक्षक):** (१) बोर्ड अन्तर्गत कार्यक्रम सञ्चालन गर्नका लागि कुनै पनि विधामा पूर्णकालीन न्युनतम एकजना सिनियर फ्याकल्टी, एकजना फ्याकल्टी र एकजना जुनियर फ्याकल्टी

वा

एक जना सिनियर फ्याकल्टी र दुई जना जुनियर फ्याकल्टी

वा

दुईजना फ्याकल्टी र दुईजना जुनियर फ्याकल्टी हुनु पर्नेछ ।

माथि उल्लेखित समूहलाई शिक्षक (फ्याकल्टी) को एक प्राज्ञिक इकाई मानिने छ ।

(२) दफा (१) अनुसारको इकाईलाई प्रत्येक शैक्षिक सत्रमा बढीमा दुईजना विद्यार्थी भर्नाको अनुमति दिन सकिने छ ।

(३) दफा (१) बमोजिमको एकाईको मुख्य जिम्मेवारी सिनियर फ्याकल्टी वा निजको अनुपस्थितिमा फ्याकल्टीको हुनेछ ।

## परिच्छेद –५
## शिक्षण संस्थाको पूर्वाधारसम्बन्धी व्यवस्था

९. **शिक्षण संस्थाको पूर्वाधारः** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्ने इच्छुक संस्थाले यस कार्यविधिमा उल्लेख भएको उद्देश्य पूरागर्ने लिखित प्रतिबध्दता जाहेर गर्नु पर्दछ ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबध्द हुन चाहने संस्थाले आफ्नो संस्थाको संगठन संरचना, आर्थिक अवस्था, शिक्षण संस्था हुनका लागि आवश्यक पूर्वाधार, शिक्षण कार्यमा संलग्न हुन चाहनुको उद्देश्य, राज्यको आवश्यकता परिपूर्ति गर्न सक्ने क्षमता, सामाजिक उत्तरदायित्व, विद्यार्थीलाई प्रदान गरिने सुविधा र सञ्चालन गर्न चाहेको कार्यक्रम वा विषयका बारेमा प्रष्टसँग खुलाई आवेदन गर्नुपर्नेछ ।

(३) कार्यक्रममा आबध्द हुन चाहने संस्थाले बोर्डले निर्धारण गरेको आवेदन फाराम र तोकिएको शुल्क तिरी आवेदन गर्न सक्नेछ ।

**१०. <u>कार्यक्रम सञ्चालनका लागि आवश्यक अस्पतालः</u>** (१) बोर्ड अन्तर्गत कार्यक्रम सञ्चालन हुने अस्पतालको वर्गीकरण र कार्यक्रम देहाय अनुसार हुनेछः

(क) ३०० शैया वा सोभन्दा माथिको क्षमता भएका बहु विधा (मल्टी स्पेसियालिटी) अस्पतालले एकभन्दा बढी विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(ख) १०० शैया वा सोभन्दा माथिका विशिष्टीकृत सेवा भएका अस्पतालले एकभन्दा बढी स्पेसियालिटि विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(ग) १०० शैयासम्म क्षमता भएका विशेषज्ञ अस्पतालले सोही विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(घ) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबध्द हुन चाहने संस्थाले सम्बन्धित सरकारको स्वास्थ्यसम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(२) बोर्ड अन्तर्गत संचालन हुने कार्यक्रममा आबध्द हुन चाहने संस्थाले स्पेसियालिटि तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको मेडिकल अधिकृत र सवस्पेसियालिटि तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको विशेषज्ञले पाउने तलब बराबरको निर्वाह भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बाहेक विद्यार्थीलाई आवासीय/अन्य सुविधा सम्बन्धित संस्थाले उपलब्ध गराउन सक्नेछ ।

(४) कार्यक्रममा आबध्द हुन चाहने अस्पताल/संस्थाले विद्यार्थीलाई नियमित ओपिडी तथा क्लिनिकल काम वाहेक हप्तामा दुई पटक चौबीस घण्टे ड्युटी लगाउन सक्नेछ । अन्तिम परीक्षाको तयारीका लागि विद्यार्थीलाई परीक्षाको कम्तीमा दुई हप्ता अगाडि क्लिनिकल दायित्वबाट छुट्टी दिनुपर्नेछ ।

(५) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबध्द हुन चाहने अस्पताल/सँस्थामा तोकिएको कार्यक्रमका लागि आवश्यक भौतिक संरचना तथा अतिरिक्त कृयाकलापको सुविधा भएको हुनु पर्नेछ ।

(६) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबध्द हुन चाहने अस्पताल/संस्थामा सम्बन्धित कार्यक्रमको लागि सो विभागमा तोकिएको शैयामा विगत तीन महिनामा सरदर साठी प्रतिशत विरामी भर्ना भएको हुनु पर्नेछ ।

(७) प्रतिष्ठान, विश्वविद्यालय वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन हुनेछैन ।

## परिच्छेद– ६
## परीक्षा तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

**११. <u>विद्यार्थीको हाजिरीः</u>**(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको हाजिरी तथा उनीहरुको कामको विवरण उल्लेख भएको लगबुक अनिवार्य रुपमा अध्यावधिक गरी राख्नु पर्नेछ । त्यस्तो हाजिरी र लगबुक विवरण अध्यावधिक गराउने जिम्मा फ्याकल्टीको हुनेछ ।

(२) बोर्डले आवश्यकताअनुसार विद्यार्थीको हाजिरी र लगबुक विवरण कुनै पनि बखत माग गर्न सक्नेछ र सो उपलब्ध गराउने जिम्मा सम्बन्धित संस्थाको हुनेछ ।

(३) कुनैपनि कार्यक्रममा भर्ना भएको विद्यार्थी पूर्णकालीन चिकित्सक र आवासीय हुनेछ । विद्यार्थीले अध्ययन गरेको संस्था वाहेक अन्यत्र निजी अभ्यास गर्न पाउने छैन ।

(४) कुनैपनि विद्यार्थी अन्तिम परीक्षामा बस्न योग्य हुनका लागि अध्ययन अवधिभरको नब्बे प्रतिशत रुजु हाजिरी पुगेको हुनुपर्नेछ । हाजिरी नपुगेको विद्यार्थी अन्तिम परीक्षामा बस्नका लागि योग्य हुने छैन ।

**१२. <u>विद्यार्थीको मूल्याङ्कनः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएको विद्यार्थीको मूल्याङ्कन ज्ञान, सीप र क्षमताका आधारमा गरिनेछ ।

(२) विद्यार्थीको मूल्याङ्कन सैध्दान्तिक र प्रयोगात्मक दुबै पध्दतिबाट गरिने छ । सैध्दान्तिक र प्रयोगात्मक परीक्षामा छुट्टाछुट्टै पचास प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनुपर्नेछ ।

(३) आन्तरिक मूल्याङ्कन हरेक वर्ष सैध्दान्तिक तथा प्रयोगात्मक पध्दतिबाट गरिनेछ । आन्तरिक मूल्याङ्कनमा कम्तिमा पचास प्रतिशत अङ्क नपाएको विद्यार्थी अन्तिम परीक्षाको लागि योग्य हुने छैन । आन्तरिक परीक्षाको अङ्कभार अन्तिम परीक्षामा जोडिने छैन ।

(४) फ्याकल्टीले विद्यार्थीको हरेक सिकाइको रचनात्मक मूल्याङ्कन (फर्म्याटिभ इभ्यालुएशन) गर्नुपर्नेछ । सिकाइको क्रममा विद्यार्थीलाई पृष्ठपोषण (फिड ब्याक) प्रदान गरी सोको अभिलेख राख्नु फ्याकल्टीको कर्तव्य हुनेछ । पृष्ठपोषण प्रदान गर्दा सबल पक्ष, दुर्बल पक्ष र सुधार गर्नुपर्ने पक्ष औंल्याई विद्यार्थीको सीप विकासमा मद्दत गर्नुपर्नेछ ।

(५) विद्यार्थीको सैध्दान्तिक र प्रयोगात्मक मूल्याङ्कन तथा परीक्षाको ढाँचा र अंकभार अनुसूची एकमा उल्लेख भएबमोजिम हुनेछ ।

(६) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएको विद्यार्थीले बढीमा पाँच पटक मात्र अन्तिम परीक्षामा सामेल हुन पाउनेछ । पाँचौं पटकसम्ममा पनि उत्तीर्ण हुन नसकेमा भर्ना भएको कार्यक्रमबाट स्वतः निस्कासित हुनेछ ।

तर पुनः एकीकृत प्रवेश परीक्षा दिई नयाँ भर्ना हुनका लागि बाधा पर्नेछैन ।

**१३. <u>सैध्दान्तिक परीक्षाः</u>** (१) विद्यार्थीको विषयगत ज्ञान मापन गर्नका लागि लिइने सैध्दान्तिक परीक्षामा  विषयगत र वस्तुगत दुबै प्रकारका प्रश्नहरु हुनेछन् ।

(२) विषयगत प्रश्नको भार पचास प्रतिशत र वस्तुगत प्रश्नको भार पचास प्रतिशत हुनेछ ।

(३) विषयगत प्रश्नमध्ये आधा प्रश्नपत्र लामो उत्तर दिनुपर्ने र आधा प्रश्न पत्र छोटो उत्तर दिनु पर्ने हुनेछन ।

(४) वस्तुगत प्रश्न वहु वैकल्पिक हुनेछन् ।

(५) प्रश्नपत्र याद गर्ने वा कण्ठ पार्ने (रिकल), बोधजन्य वा बुझाइ (अण्डरष्टाण्डिङ्ग), र प्रयोग (एप्लिकेशन) मा आधारित हुनेछ ।

(६) बोर्डले परीक्षा सञ्चालन गर्ने प्रश्नपत्र निर्माणका लागि विशिष्टीकरण तालिका निर्माण गर्न सक्नेछ ।

**१४. <u>प्रयोगात्मक परीक्षाः</u>** (१) विद्यार्थीको सक्षमता (कम्पिटेन्सी) र सीप मापनका लागि लिइने प्रयोगात्मक परीक्षामा बिरामीको छोटो खालको र लामो खालको मामला तथा दुबै प्रकारका समस्याहरु भएका प्रश्नहरु हुनेछन् ।

(२) दुबै प्रकारका प्रश्नहरुको छनोट परीक्षकहरुको सहमतिमा तय गरिने छ ।

**१५. <u>OSCE/OSPE/TOACS</u>** (१) विद्यार्थीको निर्णय क्षमता र सीप कौशल मापनका लागि लिइने प्रयोगात्मक सिकाइको परीक्षामा दश वटा स्टेशन भएको छोटो परीक्षा लिइने छ । यस्तो परीक्षालाई अब्जेक्टिभ स्ट्रकचर्ड क्लिनिकल इक्जामिनेशन (**OSCE**), अब्जेक्टिभ स्ट्रकचर्ड प्राक्टिकल इक्जामिनेशन (**OSPE**), टास्क ओरिएन्टेड एसिस्मेन्ट क्लिनिकल स्किल्स (**TOACS**) भनिने छ ।

(२) परीक्षा स्टेशनमा राखिने विषयगत विधि, प्रकृया, सरसामान, छाँयाचित्र, आदिको छनोट परीक्षकहरुको सहमतिमा तय गरिने छन् । यस्तो परीक्षामा कम्प्युटर प्रविधि समेत प्रयोग गर्न सकिने छ ।

(३) हरेक स्टेशनका लागि पाँच देखि दश मिनेट समय दिइने छ ।

**१६. <u>मौखिक परीक्षाः</u>** (१) विद्यार्थीको विषयगत ज्ञान तथा तत्काल निर्णय गर्न सक्ने क्षमता मापनका लागि मौखिक परीक्षा वा भाइभा–भोस परीक्षा लिइने छ । यस्तो परीक्षामा विषयबस्तुको विषयगत ज्ञान, सम्बन्धित विषयका नयाँ खोज–अनुसन्धान, नयाँ प्रविधिहरु, विषयको विशिष्ट प्राप्तिहरु, विशिष्टिकृत सेवाको माध्यमबाट गर्न सकिने योगदान आदि समावेश गरिने छ ।

(२) मौखिक परीक्षाको अवधि आधा घण्टादेखि एक घण्टाको हुनेछ ।

(३) मौखिक परीक्षाको मूल्यांकन विधि पूर्वनिर्धारित तथा तोकिएको ढाँचामा तयार पारिएको हुनु पर्नेछ । यस्तो ढाँचा बोर्डले परीक्षा हुनु अगावै तयार पारी उपलब्ध गराउने छ ।

**१७. <u>शोधकार्यः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्पेसियालिटि कार्यक्रममा भर्ना भएका विद्यार्थीका लागि शोधकार्य (थेसिस) अनिवार्य हुनेछ ।

(२) शोधकार्यको शीर्षक छनोट सिनियर फ्याकल्टी तथा विद्यार्थीको समन्वयमा कार्यक्रममा भर्ना भएको छ महिना भित्र तय गरिसक्नु पर्नेछ र त्यस्तो शोधकार्यको शीर्षक विषयगत समिति वा बोर्डबाट स्वीकृत हुनु पर्नेछ ।

(३) शोधकार्यका लागि सिनियर फ्याकल्टी वा फ्याकल्टी मात्र शोधपत्र दिग्दर्शक (थेसिस गाईड) हुन सक्नेछन् ।

(४) शोधकार्य सुरु हुनु अगावै सम्बन्धित निकायबाट अनुसन्धानका लागि आवश्यक अनुमति प्राप्त गरिसकेको हुनु पर्नेछ ।

(५) शोधकार्य आफैंले संकलन गरेको प्राथमिक तथ्याङ्कमा आधारित हुनुपर्नेछ । अन्यत्र लिइएको वा पहिले संकलन गरिएको वा प्रयोग भइसकेको तथ्याङ्कमा आधारित शोधकार्य मान्य हुने छैन ।

(६) शोधकार्य अन्तिम परीक्षा हुनुभन्दा छ महिना पहिले बुझाउनु पर्नेछ । शोधपत्रका मूल्याङ्कन वाह्य विज्ञबाट गराइने छ । अन्तिम परीक्षामा सामेल हुनका लागि शोधकार्य स्वीकृत भएको हुनु पर्नेछ ।

**१८.** **<u>वैज्ञानिक लेख प्रकाशनः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीका लागि शिक्षण अवधिभरमा स्पेसियालिटि तहका लागि एक वटा अनुसंधानात्मक लेख प्रकाशन अनिवार्य हुनेछ ।

(२) सवस्पेसियालिटि तहका लागि कम्तीमा दुईवटा मौलिक अनुसन्धानात्मक लेख प्रकाशन अनिवार्य हुनेछ । जसमध्ये एक वटा लेख इन्डेक्स जर्नलमा प्रकाशित भएको हुनुपर्नेछ ।

(३) विद्यार्थीले शैक्षिक सत्रको पहिलो वर्षदेखि नै विषयगत सिकाइका क्रममा अनुसन्धानात्मक लेख प्रकाशन प्रक्रिया अगाडि बढाउनु पर्नेछ । लेख प्रकाशन लागि बोर्डले सहजीकरण गर्न सक्नेछ ।

(४) प्रकाशित लेखको अभिलेख अन्तिम परीक्षा हुनु अगावै बोर्डमा प्रस्तुत गरेको हुनुपर्नेछ ।

(५) अप्रकाशित वा प्रकाशनका लागि स्वीकृत मात्र भएको अनुसन्धानात्मक लेख मान्य हुने छैन

**१९.** **<u>परीक्षकको व्यवस्थाः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको मूल्याङ्कनका लागि हरेक विषय वा विधामा कम्तिमा चार जना परीक्षक अनिवार्य हुनेछन्

(२) परीक्षक हुनका लागि सिनियर फ्याकल्टी तहको योग्यता पुगेको हुनु पर्नेछ । स्पेसियालिटि/सवस्पेसियालिटि तहको परीक्षामा संलग्न भइसकेको फ्याकल्टी (शिक्षक) लाई विद्यार्थीको मूल्याङ्कनका लागि प्राथमिकता दिइने छ ।

(३) बोर्डबाट लिइने हरेका विधाको परीक्षाका लागि स्वदेश वा विदेशबाट परीक्षक चयन गर्न सकिनेछ ।

(४) परीक्षकको पारिश्रमिक तथा अन्य सुविधा आयोगको स्वीकृत नर्म्स अनुसार हुनेछ ।

# परिच्छेद –७
## उपाधि तथा मान्यतासम्बन्धी व्यवस्था

**२०. <u>उपाधिको नामाकरणः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्नातकोत्तर तथा सोभन्दा माथिल्लो तहको क्रमशः स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रममा भर्ना भई विधिपूर्वक अन्तिम परीक्षामा उत्तीर्ण भएका विद्यार्थीलाई आयोगबाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ६ (झ) बमोजिम उपाधि प्रदान गरिने छ ।

(२) स्पेसियालिटि तहको कार्यक्रम स्नातकोत्तर तह/ एमडि/एमएस (MD/MS) सरहको हुनेछ । यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई फेलोसहितको उपाधि प्रदान गरिने छ । उदाहरणका लागि रेडियोलोजी विषयका लागि फेलो अफ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज–रेडियोलोजी (एफएनबीएमएस–रेडियोलोजी), जनरल सर्जरीका लागि फेलो अफ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज–जनरल सर्जरी (एफएनबीएमएस–जनरल सर्जरी) आदि ।

(३) सवस्पेसियालिटि तहको कार्यक्रम डिएम/एमसिएच (DM/ MCh) तह सरहको हुनेछ । यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई फेलो सहितको उपाधि प्रदान गरिने छ । उदाहरणका लागि इण्डोक्राइनोलोजी विषयका लागि फेलो अफ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज–इण्डोक्राइनोलोजी (एफएनबीएमएस–इण्डोक्राइनोलोजी), थोरासिक सर्जरीका लागि फेलो अफ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज–थोरासिक सर्जरी (एफएनबीएमएस–थोरासिक सर्जरी) आदि ।

(४) बोर्डबाट सञ्चालन हुने तहगत कार्यक्रमको सूची अनुसूचीमा उल्लेख भएबमोजिम हुनेछ । तहगत कार्यक्रमहरुको सूची आवश्यकता अनुसार बोर्डको सिफारिसमा कार्यकारी समितिले थपघट गर्न सक्नेछ ।

**२१. <u>उपाधिको समकक्षताः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्नातकोत्तर तथा सो भन्दा माथिल्लो तहको क्रमशः स्पेसियालिटि तहको फेलोलाई एमडि/एमएस वा सो सरहको मान्यता प्रदान गरिनेछ । सवस्पेसियालिटि तहको फेलोलाई डिएम/एमसिएच वा सो सरहको मान्यता प्रदान गरिनेछ ।

# परिच्छेद–८
# विविध

**२२.** **<u>समन्वय तथा सहयोगः</u>** (१) चिकित्सा शिक्षा आयोगको स्वीकृतिमा बोर्डले यो कार्यविधिमा उल्लेख भए सरहका कार्यक्रम सञ्चालन गर्दै आएका संस्थाहरुसँग पाठ्यक्रम विकास, शिक्षण विधि र प्रविधि, परीक्षा तथा मूल्यांकन विधि, विषयगत समिति गठन, चिकित्सा शिक्षाको क्षेत्रका विविध विषयमा हुने अनुसन्धान आदि विषयमा समन्वय तथा सहयोग आदान–प्रदान गर्न सक्नेछ ।

(२) बोर्डले आवश्यकता अनुसार समन्वय तथा सहयोगसम्वन्धी अन्य कार्यहरु गर्न सक्नेछ ।

**२२.** **<u>कार्यक्रम मूल्याङ्कनः</u>** (१) चिकित्सा शिक्षा आयोगले यो कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको मूल्याङ्कन तथा अनुगमन गर्न सक्नेछ ।

(२) बोर्डले यो कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको मूल्याङ्कन स्वतन्त्र संस्थाबाट समेत गराउन सक्नेछ ।

**२३.** **<u>कार्यविधिमा संसोधनः</u>** (१) बोर्डको सिफारिसमा चिकित्सा शिक्षा आयोग कार्यकारी समतिले यो कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ । यो कार्यविधिको व्याख्या गर्ने अधिकार चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिमा निहित रहनेछ ।

# अनुसूची - १
# परीक्षाको ढाँचा र अंकभार

A. Theory Examination: Full Marks - 300 Pass Marks 50%

| Year | Subject | Type | Full marks | | Weightage |
|---|---|---|---|---|---|
| 3 | Paper I: Basic Applied Science | Written | 100 | | |
| .3 | Paper: II Discipline Related Subjects | Written | 100 | | 100% |
| 3 | Paper III: Recent advances & Specialties | Written | 100 | | |
| 1,2,3 | Internal Assesment | Written | | | |

B. Practical Examination: Full Marks - 300 Pass Marks 50%

| Year | Subject | Type | Full Marks | Weightage |
|---|---|---|---|---|
| 3 | Long case 1, Short case 2 | Clinical | 140 | |
| 3 | OSCE/OSPE/TOACS | 10 Stations | 60 | 100% |
| 3 | VIVA | Oral | 100 | |
| 1,2,3 | Internal Assesment | Clinical/ OSCE/OSPE/TOACS/Viva | | |
| | Thesis | | | |
| C | Log Book | Evaluation | | |
| | Scientific Article | | | |

# अनुसूची - २

## बोर्डबाट सञ्चालन हुने तहगत कार्यक्रम

### स्पेसियालिटि तहका कार्यक्रमहरु

1. Anaesthesiology
2. Community Medicine and Public Health
3. Emergency Medicine
4. General Practice
5. General Surgery
6. Health Care Management
7. Internal Medicine
8. Obstretrics and Gynaecology
9. Ophthalmology
10. Orthopaedics and Truama Surgery
11. Otorhinolaryngology and Head and Neck Surgery
12. Paediatrics
13. Radiation Oncology
14. Radiodiagnosis

### सवस्पेसियालिटि तहका कार्यक्रमहरु

1. Cardiology
2. Cardiothoracic and Vascular Surgery
3. Critical Care Medicine
4. Endocrinology
5. Gastrointestinal Surgery
6. Gynae Oncology
7. Haemato Oncology
8. Hepatobiliary & Pancreatic Surgery
9. Hepatology
10. Infectious Diseases
11. Interventional Radiology
12. Medical Oncology
13. Nephrology
14. Neurology
15. Neuro Surgery
16. Paediatric Anaesthesiology
17. Paediatric Critical Care Medicine
18. Plastic Surgery
19. Pulmonology
20. Rheumatology
21. Reproductive and Fertility Medicine
22. Surgical Oncology
23. Thoracic Surgery
24. Transplant Anaesthesiology
25. Uro Surgery

---O---